प्रथम वोर्ड बैठक मिति २०७३/०४/०५

गते विहान ७:०० वजे

आज मिति २०७३/०४/०५गते बुधवारका दिन धरान उपमहा नगरपालिका कार्य संचालन समितिको वैठक बसी तपसिलका निर्णयहरु गरियो ।

उपस्थिति

श्री टीकादत्त राई - कार्यकारी अधिकृत एवं प्रमुख - धरान उप-महानगरपालिका कार्यालय

आमन्त्रित उपस्थिति रेकर्ड

| | |
|---|---|
| श्री गणेशप्रसाद खतिवडा | वरिष्ठ प्रशासकिय अधिकृत |
| श्री खगेन्द्रप्रसाद खतिवडा | वरिष्ठ कर अधिकृत |
| श्री सूरज श्रेष्ठ | वरिष्ठ इन्जिनियर |
| श्री रमेश शाह | वरिष्ठ आन्तरिक लेखा परिक्षण अधिकृत |
| श्री भेषराज अधिकारी | वरिष्ठ लेखा अधिकृत |
| श्री राजु पोखरेल | इन्जिनियर |
| श्री सूनील नेपाल | सामाजिक विकास अधिकृत |

निर्णयहरु

निर्णय नं १ (एक) : अतिरिक्त कार्यकालागि अनुमती दिने सम्बन्धमा

यस कार्यालयमा कार्यरत ईन्जिनियर श्री हस्तकुमार राईले कार्यालय समय बाहेक अन्य निकाय वा संघ संस्थाहरुमा अतिरिक्त कार्य गर्न यस कार्यालयमा निवेदन पेश गरे अनुसार छलफल गर्दा यस कार्यालयले अनुमोदन गरेको “धरान नगरपालिकाको कर्मचारी **प्रशासन** विनियमावली,२०६५” **अनूसार** कार्यलय समय भन्दा र कार्यालयलाई कुनै बाधा नपुग्ने गरी अन्य ब्यबसायमा कार्य गर्न अनुमती दिने निर्णय गरियो ।

निर्णय नं २ (दुई ) : आयब्यय सार्वजनिक तथा वार्षिक समीक्षा गोष्ठि सम्वन्धमा ।

आ व २०७२/०७४ मा संचालित विकास कार्यक्रमहरुको आयब्यय सार्वजनिकिकरण तथा वार्षिक समीक्षा कार्यक्रम यहि मिति २०७३/०४/२८ गते शुक्रवारका दिन उघोग वाणिज्य संघको सभाहलमा दिनको १२ : ३० वजेवाट गर्ने निर्णय गरियो ।

आजको वोर्ड वैठक विहान ९:३०वजे समापन गरियो ।

माईन्युटकर्ता : भक्तिराज शर्मा,सुचना अधिकृत,धरान उपमहा नगरपालिका